**गौशाला नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः ९ | मितिः २०८२।०८।२५ गते

**भाग-२**

**गौशाला नगरपालिका**

## सिफारिस व्यवस्था कार्यान्वयन कार्यविधि, २०८२

लैङ्गिक हिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरिक, यौनजन्य, मानसिक, मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको सन्दर्भमा यी समस्याहरूको एकिकृत एवम् प्रभावकारी रूपमा सम्बोधन गर्न र लैङ्गिक हिंसालाई प्रभावकारी एवम् कुशलतापूर्वक सम्बोधन गर्न गौशाला नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७४ को दफा बमोजिमको अधिकार प्रयोग गरी प्रस्तुत “सिफारिस व्यवस्था कार्यान्वयन कार्यविधि, २०८२” स्वीकृत गरी लागू गरिएको छ ।

# सिफारिस व्यवस्था कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना:**

लैङ्गिक हिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरिक, यौनजन्य, मानसिक, मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको सन्दर्भमा यी समस्याहरूको एकिकृत एवम् प्रभावकारी रूपमा सम्बोधन गर्न र लैङ्गिक हिंसालाई प्रभावकारी एवम् कुशलतापूर्वक सम्बोधन गर्न गौशाला नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७४ को दफा बमोजिमको अधिकार प्रयोग गरी प्रस्तुत "सिफारिस व्यवस्था कार्यान्वयन कार्यविधि, २०८२" स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "सिफारिस व्यवस्था कार्यान्वयन कार्यविधि,२०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

(३) यो कार्यविधि अनुसार बाल हिंसा, लैङ्गिक हिंसा र विभेदीकरणबाट भएका घटनाहरुलाई सम्बोधन गर्न पालिका स्तरमा स्थापना हुने सिफारिस व्यवस्था संयन्त्रको सञ्चालन, अनुगमन, अभिलेखीकरण र प्रतिवेदन यसै कार्यविधि बमोजिम हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उत्तरजीवी" भन्नाले बाल तथा लैङ्गिक हिंसामा परेका व्यक्ति सम्झनु पर्छ र सो शब्दले कुनै पनि क्षेत्र, घर, समाज, कार्यस्थल, राजनीति वा अन्य आधारमा हिंसाजन्य व्यवहार, विभेदमा परेका व्यक्तिलाई समेत जनाउँछ ।

(ख) "लैङ्गिक हिंसा" भन्नाले कुनै पनि स्थानमा हुने शारीरिक, मानसिक, यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक भेदभावका आधारमा हुने हिंसा तथा प्रचलित नेपाल कानूनले लैङ्गिक हिंसा भनी परिभाषित गरेका कार्य समेत सम्झनु पर्दछ ।

(ग) "पालिका" भन्नाले यस गौशाला नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यपालिका” भन्नाले नेपालको संविधान २०७२ को धारा २१६ को उपधारा (१) र (२) बमोजिम गठन भएको नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(ङ) “कार्यविधि” भन्नाले यस पालिका अन्तर्गतको “लैंङ्गिक हिंसा उद्धार तथा सिफारिस व्यवस्था कार्यान्वयन कार्यविधि, २०८२” सम्झनु पर्दछ ।

(च) “कोष” भन्नाले लैङ्गिक हिंसा प्रभावितको सहायताका लागि नगरपालिका अन्तर्गत स्थापना गरिएको कोषलाई सम्झनु पर्दछ ।

(छ) “समिति” भन्नाले यस पालिका अन्तर्गत रही लैंङ्गिक हिंसा उद्धार तथा सिफारिस व्यवस्था कार्यान्वयनका लागि यस कार्यविधिको दफा ३ बमोजिम गठन गरिएको सिफारिस समिति र यसमा रहेका पदाधिकारी एवं सबै सदस्यहरुलाई सामूहिक वा एकल रुपमा समेत सम्झनु पर्दछ ।

(ज) “संयोजक” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको सिफारिस समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(झ) “पदाधिकारी” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन गरिएको सिफारिस समितिका संयोजक, सदस्य र सदस्य सचिव समेतलाइ सम्झनु पर्दछ ।

(ञ) “घटना” भन्नाले बाल हिंसा, लैङ्गिक हिंसा र लैङ्गिक विभेदीकरणबाट भएका समस्याहरु सम्झनुपर्दछ ।

(ट) “घटना व्यवस्थापक” भन्नाले घटनाको दर्ता देखि समापन नहुञ्जेलसम्म उत्तरजीवीसंग नियमित सम्पर्क व्यक्तिको रुपमा काम गर्ने आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

(ठ) “प्राथमिक सेवाप्रदायक” भन्नाले उत्तरजीवीलाई आवश्यक सेवा तथा सहयोगका लागि पहल गर्ने पालिकाबाट अनुमति प्राप्त संघसंस्था वा निकाय सम्झनु पर्दछ ।

(ड) “सुपरिवेक्षक” भन्नाले घटना व्यवस्थापकलाई सुपरिवेक्षण, सहयोग र समन्वय गर्ने व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद—२

## सिफारिस समिति

### ३. सिफारिस समितिको गठनः

(१) कार्यपालिका मातहत रही नगरपालिका क्षेत्र भित्र घटेका सम्पूर्ण लैङ्गिक हिंसा तथा बालबालिका माथि घटेका घटनाहरु बाट प्रभावितहरुको समग्र सुरक्षा, सेवा तथा सहायताको उपलव्धताको लागि घटना व्यवस्थापन, अनुगमन तथा समन्वयात्मक भूमिकाका साथै लैंङ्गिक तथा बालबालिका हिंसा रोकथाम र नियन्त्रणका उपायहरु अवलम्वन गर्ने जिम्मेवारी सहितको कार्यसम्पादन गर्न देहाय बमोजिमको एक सिफारिस समितिको गठन हुनेछ ।

(क) नगर उपप्रमुख -संयोजक

(ख) कार्यपालिका सदस्यहरु मध्येवाट कम्तिमा १ जना महिला सदस्य सहित ३ जना -सदस्य

(ग) कानुन, चिकित्सा, प्रहरी र मनोविमर्श सेवा प्रदायकबाट एक—एक जना सदस्य हुने गरी ४ जना —सदस्य

(घ) घटना व्यवस्थापनका लागि सुपरिवेक्षकको रुपमा छनौट भएको व्यक्ति —सदस्य

(ङ) स्थानीय स्तरमा क्रियाशील महिला अधिकार तथा सशक्तिकरणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुमध्येबाट कार्यपालिकाले तोके बमोजिम एक जना महिला सहित २ जना —सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख —सदस्य सचिव

समितिले आवश्यकतानुसार संघसंस्थाका प्रतिनिधिहरु एवम् विषय विशेषज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) कार्याविधिः दफा ३ को उपदफा (१) बमोजिम गठन भएको सिफारिस समितिको पुनर्गठन समिति गठन भएको मितिबाट हरेक १ वर्षमा गरिनेछ ।

### ४. सिफारिस समितिका काम, कर्तव्य र अधिकार

(१) अत्यावश्यक अवस्थामा बाहेक सिफारिस समितिको बैठक त्रैमासिक रुपमा बस्ने ।

(२) बाल हिंसा रोकथाम र नियन्त्रण सम्बन्धी सूचना तथा चेतनामूलक सामग्री तयार पारी पालिका अन्तर्गतको सम्बन्धित कार्यालयहरुमा उपलब्ध गराउने ।

(३) पालिकामा रहेका बाल हिंसा विरुद्ध कार्यरत तथा प्रभावितको सहायतामा काम गरिरहेका संघसंस्थाहरुको नक्शाङ्कन गर्ने तथा नियमित रुपमा अद्यावधिक गर्ने ।

(४) पालिका स्तरमा रहेका सुरक्षित आश्रय स्थलहरु, अस्पताल वा स्वास्थ्य केन्द्र, कानुनी सेवा, मनोविमर्श सम्बन्धी सेवाहरुको गुणस्तर मापदण्ड तोक्ने, अनुगमन गर्ने र गुणस्तर सुनिश्चित गर्न आवश्यक निर्देशन दिने ।

(५) सिफारिस प्रणालीलाई प्रभावकारी, मर्यादित एवम् उत्तरजीवी केन्द्रित बनाउन पहल गर्ने ।

(६) जिल्लाको अस्पताल अन्तर्गत लैंङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्रसँग उत्तरजीवीका लागि आवश्यक सेवा प्रदान गर्न समन्वय एवम् सिफारिस गर्ने ।

(७) लैंङ्गिक हिंसा उद्धार कोष परिचालन गरी उत्तरजीवीलाई सहायता पु[illegible]याउन आवश्यक पहल गर्ने ।

(८) लैंङ्गिक हिंसा विरुद्ध पालिकामा कार्यरत इच्छुक संघसंस्था वा निकायलाई प्राथमिक सेवा प्रदायकको रुपमा अनुमति प्रदान गर्न पालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद—३

## घटना व्यवस्थापन

### ५. घटना व्यवस्थापन समितिको गठन

लैंङ्गिक हिंसा पीडित वा उत्तरजीवीका लागि उपचार तथा अन्य सेवाहरू व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको घटना व्यवस्थापन समिति रहनेछ ः

क) महिला तथा बालबालिका शाखा प्रमुख —संयोजक

ख) वकिल वा कानुनी सल्लाहकार —सदस्य

ग) शिक्षा शाखा प्रमुख —सदस्य

घ) अस्पताल वा स्वास्थ्य केन्द्रको प्रमुख —सदस्य

ङ) सुपरिवेक्षकको रुपमा कार्यरत व्यक्ति —सदस्य सचिव

घटना व्यवस्थापन समितिले सम्बन्धित घटना व्यवस्थापक, उत्तरजीवी र उसको अभिभावक एवं सेवा प्रदायक वा सहजीकरण संस्थाका प्रतिनिधिलाई आवश्यकतानुसार बैठकमा सहभागी गराउन सक्ने छ । यसरी सहभागी गराउँदा घटना व्यवस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरुको पालना गर्नुपर्नेछ ।

**६. घटना व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(१) महिनाको कम्तिमा एक पटक बैठक बस्ने ।

(२) सम्बन्धित घटना व्यवस्थापकको सहयोगमा स्याहार योजना निर्माण गर्ने

(३) स्याहार योजना कार्यान्वयन गर्न आवश्यक समन्वय, सहयोग तथा मार्गदर्शन गर्ने

(४) घटना व्यवस्थापन सम्बन्धी अभिलेखहरु सुरक्षित, गोप्य एवम् दुरुस्त राख्ने

(५) घटना व्यवस्थापनबारे प्रगति एवम् चुनौतिहरुको समीक्षा गर्ने

(६) पुनर्स्थापना, कानूनी उपचार र थप स्वास्थ्य उपचारका लागि अन्य अस्पतालमा प्रेषण गर्नुपरेमा समितिले निर्णय गरी कार्यान्वयन गर्ने ।

(७) घटना व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम आयोजना गर्ने

(८) हिंसा प्रभावितहरुका लागि प्रेषण पुस्तिका तयार पार्ने तथा वितरण गर्ने गराउने

(९) लैङ्गिक हिंसा पीडित वा उत्तरजीवीका लागि लैंङ्गिक हिंसा उद्धार कोष सञ्चालन कार्यविधि बमोजिम उत्तरजीवीलाई आवश्यक पर्ने सहायताको माग गरी सिफारिस समितिको संयोजक समक्ष पेश गर्ने ।

(१०) हिंसा पीडित वा उत्तरजीवीहरूको घटनामा छलफल गरी मेलमिलाप गराउने, पुनर्स्थापना गर्नुपर्ने वा अदालतमा पठाउनु पर्ने वा अन्य सेवा प्रदायक कहाँ पुयाउनु पर्ने बारे निर्णय गर्ने र उक्त निर्णय कार्यान्वयन गर्न सहजीकरण गर्ने

**७. प्राथमिक सेवा प्रदायकको छनौटः**

पालिका अन्तर्गत बाल तथा लैङ्गिक हिंसा विरुद्ध कार्यरत संस्था वा निकायकाहरु मध्ये इच्छुक संस्था वा निकायलाई  तोकिएको मापदण्डको आधारमा सिफारिस समितिले प्राथमिक सेवा प्रदायकको रुपमा छनौट गरी पालिकालाई अनुमतिको लागि सिफारिस गर्नेछ । पालिकाले समितिको सिफारिस बमोजिम इच्छुक संस्था वा निकायसंग सम्झौता गरी प्राथमिक सेवा प्रदायकको रुपमा काम गर्ने अनुमति प्रदान गर्नेछ ।

**८. घटना व्यवस्थापन समितिको संयोजक, प्राथमिक सेवा प्रदायक, सुपरिवेक्षक र घटना व्यवस्थापकको भूमिका**

(१) घटना व्यवस्थापन समितिको संयोजक

(क) घटना व्यवस्थापन समितिको बैठकको प्रमुखको रुपमा भूमिका निर्वाह गर्ने

(ख) घटना व्यवस्थापन प्रक्रियामा आन्तरिक र वाह्य सरोकारवालाहरुसंग संयोजनकारी भूमिका निर्वाह गर्ने

(ग) उत्तरजीवीहरु कहाँ आवश्यकतानुसार अनुगमन गर्ने र मार्गदर्शन गर्ने

(घ) घटना व्यवस्थापनका लागि आवश्यक श्रोत, साधन र सेवाहरु प्राप्तीका लागि पहल गर्ने

(ङ) सिफारिस समिति र घटना व्यवस्थापन समिति बीच पुलको काम गर्ने

(च) सुपरिवेक्षकको सिफारिसमा घटना समापन वा स्थानान्तरण गर्ने

(छ) घटना व्यवस्थापन समितिका निर्णयहरु लागु गर्ने गराउने

(२) प्राथमिक सेवा प्रदायक

(क) तालिम प्राप्त घटना व्यवस्थापक नियुक्त गर्ने ।

(ख) घटनाको बारेमा जानकारी प्राप्त गर्ने र प्रथम सम्पर्क रुपमा घटना व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने

(ग) घटना व्यवस्थापकलाई घटना व्यस्थापनका सम्पूर्ण चरणहरुमा सहयोग गर्ने

(घ) स्याहार योजना बमोजिम उपलब्ध प्रत्यक्ष सेवाहरु प्रदान गर्ने र अन्य सेवाहरुका लागि सिफारिस गर्ने

(ङ) घटना व्यवस्थापन समितिका निर्णय एवम् निर्देशनहरुको पालना गर्ने

(३) सुपरिवेक्षक

(क) घटना व्यवस्थापकलाई सुपरिवेक्षण गर्ने तथा आवश्यक मार्गदर्शन एवम् सहयोग गर्ने

(ख) स्याहार योजना कार्यान्वयनका लागि सेवाहरु सिफारिस गर्ने

(ग) उत्तरजीवीले गुणस्तरीय सेवा पाए नपाएको अनुगमन गर्ने

(घ) घटना व्यवस्थापकको सहयोगमा स्याहार योजनाको समीक्षा एवम् पुनरावलोकन गर्ने

(ङ) घटना समापन वा स्थानान्तरण गर्न घटना व्यवस्थापन समितिका संयोजकलाई सिफारिस गर्ने

(च) अभिलेखहरुको गोपनियताका लागि आवश्यक प्रबन्ध गर्ने तथा अद्यावधिक र सुरक्षित राख्ने

(छ) अभिलेख सुरक्षा नीति (म्बतब एचयतभअतष्यल एयषअिथ को दायरामा रही घटना व्यवस्थापन सम्बन्धी आवश्यक जानकारी प्रदान गर्ने

(ज) घटना व्यवस्थापन समितिका संयोजकको सल्लाह बमोजिम बैठक आयोजना गर्ने

(झ) घटना व्यवस्थापन समितिको सदस्य सचिव र सिफारिस समितिको सदस्यको रुपमा सम्बन्धित समितिका बैठकहरुमा भाग लिने

(ञ) नगरपालिकाले सिफारिस समितिको निर्णय बमोजिम नगरपालिकाको कुनै कर्मचारी वा सेवा प्रदायक संस्था वा सहजीकरण संस्थाको प्रतिनिधिलाई सुपरीवेक्षक तोक्न सक्ने छ ।

(४) घटना व्यवस्थापक

(क) घटना व्यवस्थापनका लागि उत्तरजीवीको सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने

(ख) घटनाको जानकारी पाए पछि उत्तरजीवीसंग सम्पर्क गर्ने र घटना दर्ता गर्ने वा उत्तरजीवीको सहमति लिई प्रक्रिया अगाडि बढाउने

(ग) घटनाको लेखाजोखा गर्ने र सुपरिवेक्षकको सहयोगमा स्याहार योजनाको मस्यौदा तयार पार्ने

(घ) घटना सम्बन्धी छलफल बैठकमा सहभागी हुने

(ङ) स्याहार योजना अनुसार उत्तरजीवीलाई सेवा प्रदान गर्ने र सोको प्रगति नियमित रुपमा सुपरिवेक्षकलाई पेश गर्ने

(च) उत्तरजीवीलाई नियमित रुपमा सम्पर्क एवम् ताकेता गर्ने र स्याहार योजना अनुसार परिवर्तन भएनभएको विवरण सुपरिवेक्षकलाई जानकारी गराउने

(छ) सुपरिवेक्षकको सहयोगमा आवश्यकतानुसार स्याहार योजनाको पुनरावलोकन गर्ने तथा सोही अनुसार सेवा उपलब्ध भएको सुनिश्चित गर्ने

(ज) घटना समापन वा स्थानान्तरणका लागि सुपरिवेक्षक मार्फत घटना व्यवस्थापन समितिको संयोजकलाई सिफारिस गर्ने

(झ) सुपरिवेक्षकले दिएका निर्देशनहरुको पालना गर्ने

## परिच्छेद–४

## कोषको स्थापना

**९. कोषको स्थापना:**

(१) लैङ्गिक हिंसामा परि संरक्षणको आवश्यकता भएका बालबालिका वा व्यक्तिहरुलाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्न काम समेतको लागि लैङ्गिक हिंसा निवारण कोष नामक एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:

(क) यस नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) संघ वा प्रदेशबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३). कोषमा रकम जम्मा गर्ने: लैङ्गिक हिंसामा परि संरक्षणको आवश्यकता भएका बालबालिका वा व्यक्तिको उद्धारको लागि नगरपालिकाले

वार्षिक रूपमा कार्यपालिकाले तोकेको बमोजिमको रकम नघटाई कोषमा जम्मा गर्नेछ ।

**१०. कोषको उपयोग:**

कोषको रकम देहायको कामको लागि प्रयोग गरिनेछ ः—

(क) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार र संरक्षण गर्ने,

(ख) समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(ग) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको हक हितको सम्बन्धमा समितिले तोकेको बमोजिमको अन्य काम गर्न गराउन ।

**११. खाता संचालन:**

(१) कोषको रकम समितिले कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) खाता संचालन कार्यालय प्रमुख वा निजले तोकेको कुनै अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परीक्षण:**

(१) कोषको आय व्ययको लेखा नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१३. रकम फिर्ता नहुने:**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फिर्ता हुने छैन ।

**१४. प्रतिवेदन पेश गर्ने:**

(१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरकार्यपालिकाको समक्ष पेश गर्नुपर्नेछ ।

७. अभिलेख राख्ने: समितिले आफुले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद ५

## स्पष्टीकरण, संशोधन र खारेजी

### १५. कार्यविधिको व्याख्या र स्पष्टीकरण

(१) यस कार्यविधि सम्बन्धी अन्तिम व्याख्या गर्ने अधिकार गाउँ वा नगर कार्यपालिकामा निहित रहने छ ।

(२) यस कार्यविधिमा कुनै विषयहरु प्रष्ट नभएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(३) यस कार्यविधिमा कुनै विषयहरु उल्लेख नभएको तर सिफारिस समिति वा घटना व्यवस्थापन समितिले आफनो कामको सिलसिलामा नगरी नहुने कार्यहरु गर्न आवश्यक भएमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

### १६. कार्यविधिको संशोधन र खारेजी

(१) यस कार्यविधिमा उल्लेख भएका कुनै प्रावधान संशोधन वा खारेजी गर्न वान्छनीय छ भन्ने लागेमा सिफारिस समितिले संशोधन तथा खारेजी सम्बन्धी मस्यौदा प्रस्ताव तयार पारी पालिका अध्यक्ष वा प्रमुख मार्फत कार्यपालिकाको बैठकमा निर्णयार्थ प्रस्तुत गर्न सक्नेछ ।

(२) यस दफामा उल्लेख भए बमोजिमको सिफारिस समितिको संशोधन वा खारेजी प्रस्तावलाई पूर्ण वा आंशिक रुपमा पारित गर्ने वा नगर्ने भन्ने निर्णय कार्यपालिकाको बहुमतले गरे बमोजिम हुनेछ ।

(३) यस कार्यविधिको कुनै प्रावधान स्थानीय सरकार संचालन ऐन, २०७४ वा नेपालको संसदीय, प्रादेशिक वा पालिकाको कुनै पनि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/ ०८/ ०८ गते**
**प्रमाणीकरण मितिः २०८२/ ०८/ २५ गते**

**आज्ञाले,**
**ओम बहादुर अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**